स्थानीय राजपत्र

झापा, १ नं प्रदेश नेपाल

कचनकवल गाउँपालिकाद्वारा प्रकाशित

झापा, १ नं प्रदेश, नेपाल, असार २७ गते २०७८ साल

भाग १

कचनकवल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

स्थानीय सरकार संचालन ऐन

२०७४ को दफा १०२ को उपदफा (१) बमोजिमको कचनकवल गाउँपालिकाको गाउँसभाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ |

संवत् २०७८ को कचनकवल गाउँपालिकाको लघु तथा घरेलु उद्योग दर्ता ऐन

स्थानीय राजपत्र

कचनकवल गाउँपालिकाको लघु तथा घरेलु उद्योग दर्ता ऐन, २०७८

गाउँसभाबाट पारित मिति- २०७८।०३।२७
राजपत्रमा प्रकाशित मिति- २०७८।०४।०१

कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता, नवीकरण तथा तत् सम्बन्धी अन्य व्यवस्था गर्नका लागि बनेको ऐन

प्रस्तावना : कचनकवल गाउँपालिका भित्र एक वा एकभन्दा बढी उद्देश्य लिई व्यापार व्यवसाय गर्न चाहने नीजि व्यक्ति वा साझेदारलाई लघु तथा घरेलु उद्योग दर्ता गरी व्यापार व्यवसाय गर्न पाउने संवैधानिक अधिकारको रक्षा गदै गाउँपालिकाको व्यापार व्यवसायलाई स्वच्छ, प्रतिष्पर्धी र व्यवस्थित वनाउन तथा उपलब्ध मानवीय, वित्तिय, प्राकृतिक तथा भौतिक स्रोतको दिगो उपयोगबाट स्थानीय व्यापारको प्रवर्द्धन गर्दै स्थानीय, प्रदेश तथा राष्ट्रिय अर्थतन्त्र सुदृढ बनाउन आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कचनकवल गाउँपालिकाको ९ औ गाउँसभाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ तथा कचनकवल गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरि यो ऐन बनाई लागू गरेको छ ।

परिच्छेद - १
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "कचनकवल गाउँपालिका लघु तथा घरेलु उद्योग दर्ता ऐन २०७८" रहेको छ ।

(२) यो ऐन कचनकवल गाउँपालिकाको राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्दछ ।

(ख) "ओसार पसार" भन्नाले उद्योगले गाउँपालिकाको एक वडाबाट अर्को वडा, एक स्थानीय तहबाट अर्को स्थानीय तह वा प्रदेशमा प्राकृतिक वस्तु वा उद्योगबाट उत्पादित वा निर्मित वस्तु वा सेवा उपभोक्तासम्म पुऱ्याउने वा हस्तान्तरण वा वितरण वा खरिद विक्री गर्ने जस्ता व्यापारिक क्रियाकलापलाई सम्झनुपर्छ ।

(ग) "उद्योग" भन्नाले यस ऐन वा प्रचलित कानून बमोजिम निजी तथा साझेदारी उद्योग दर्ता भई सञ्चालनमा रहेका वस्तु उत्पादन गर्ने वा सेवा प्रवाह गर्ने उद्योग सम्झनु पर्छ र सो शब्दले उद्योग र उद्योगसँग सम्बन्धीत घर, जग्गा, कारखाना र गोदाम समेतलाई जनाउँछ ।

(घ) "तोकिए" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "लघु उद्यम" भन्नाले (१) घर जग्गा बाहेक बढीमा बीस लाख रुपैयासम्मको स्थिर पूँजी रहेको,

(२) उद्यमी र निजको एकासंगोलको परिवारका सदस्य स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) बार्षिक कारोबार पचास लाख रुपैयाँ भन्दा कम रहेको,

(५) इन्जिन उपकरण प्रयोग हुने भएमा त्यस्तो इन्जिन वा उपकरणको विद्युत मोटर तथा अन्य तेल इन्जिन शक्ति क्षमता २० किलोवाट भन्दा कम भएको उद्योगलाई सम्झनु पर्छ ।

(च) " घरेलु उद्योग" भन्नाले श्रममूलक, देशको परम्परा, कला र संस्कृतिसँग सम्बद्ध खास शीप वा स्थानीय कच्चा पदार्थ र साधन परिचालन गर्ने परम्परागत किसिमको चुरोट, विडी, सिगार, खाने सूर्ती, खैनी र सूर्ति मुख्य कच्चा पदार्थ हुने यस्तै प्रकारका अन्य वस्तु उत्पादन गर्ने उद्योग, मदिरा वा वियर उत्पादन गर्ने उद्योग बाहेक हाते तान, खुट्टे तान, अर्ध स्वाचालित तान र छ्पाई, सिलाई (तयारी पोशाक बाहेक), बुनाई, हाते कागज र त्यसबाट बनेको वस्तु, गहना, मूर्ति, भाँडा आदी बनाउने कार्य, मह, माटो, चिनियाँ माटोबाट भाँडा बनाउने कार्य, छाला काट्ने, सुकाउने ग्रामीण ट्यानिङ र छालाका वस्तु उत्पादन गर्ने कार्य, सनपाट, बावियो, चोया, सूति धागो आदिका सामान उत्पादन, ढुङ्गामा कुँदी बनाइएका सामन, चित्रकला, पौवा, बाटिक, धुप, पुतली, खेलौना उद्योगहरु र दुई लाख रुपैयासम्म स्थिर जेथा भएका कुटीर उद्योगलाई सम्झनु पर्छ ।

(छ) "प्रदेश" भन्नाले प्रदेश नं. १ लाई सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले संघीय तथा प्रदेशको उद्योग, वाणिज्यसँग सम्बन्धित मन्त्रालय सम्झनु पर्छ ।

(ट) "व्यापार" भन्नाले प्राकृतिक वस्तु वा उद्योगबाट उत्पादित वा निर्मित वस्तु वा सेवा खरिद विक्री वा विनिमयका लागि उद्योगले गर्ने व्यापार तथा वाणिज्य अन्तर्गतको क्रियाकलाप वा कारोवार सम्झनुपर्छ ।

(ठ) "व्यवसाय" भन्नले उद्योग, व्यापार वा वाणिज्य सम्वन्धी पेशा वा व्यवसायलाई समेत जनाउँदछ ।

(ड) "व्यापार व्यवसाय" भन्नाले यस ऐन र प्रचलित कानून बमोजिम स्थापना गरिएको उद्योगले गर्ने व्यापार वा वाणिज्य सम्बन्धी व्यवसायलाई सम्झनुपर्छ ।

(ढ) "गाउँपालिकाले तोकेको अधिकारी वा निकाय" भन्नाले वाणिज्य, आपूर्ति तथा उद्योगसँग सम्बन्धीत उद्योगको विषय हेर्ने अधिकारी वा निकायलाई सम्झनुपर्छ ।

(ण) "साझेदारी उद्योग" भन्नाले एकाघर संगोलका अंशियारहरु वाहेकका व्यक्तिहरुले एउटै नाम राखि घाटा वा नाफाको मुनासिब वितरण हुने गरी सवै साझेदारले प्रत्येक साझेदारका लागि वा कुनै साझेदारले सवै साझेदारका लागि सबै कारोबारमा भाग लिन आपसमा सम्झौता गरी यस ऐन बमोजिम गाउँपालिकाले तोकेको अधिकारी वा निकायमा दर्ता गराएको कुनै उद्योग सम्झनुपर्छ । सो शब्दले सम्झौता गर्ने व्यक्तिहरुलाई एक अर्कोको सम्बन्धमा साझेदार र सबै साझेदारलाई सामूहिक रुपले उद्योग र जुन एक नामबाट कारोबार चल्छ सोलाई समेत उद्योग भनीवुझ्नुपर्दछ ।

(त) " गाउँपालिका" भन्नाले कचनकवल गाउँपालिकालाई सम्झनुपर्छ ।

(थ) "संस्था" भन्नाले फर्म, कम्पनी, उद्योग बाहेक प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम स्थापना भएको निजि, सहकारी, सरकारी, गैरसरकारी संस्था सम्झनुपर्छ ।

परिच्छेद - २

उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्था

३. **दर्ता नगरी व्यापार व्यवसाय गर्न नहुने :-** कसैले यस ऐन बमोजिम दर्ता नगराई वा अनुमति नलिई गाउँपालिका भित्रको व्यापार व्यवसाय संचालन गर्न वा गराउन हुदैन र त्यसरी दर्ता नभएको वा अनुमति नलिई उद्योगको नामबाट गरिएको व्यापार व्यवसायसँग सम्बन्धित लेनदेन र अन्य कारोबारलाई कानूनी मान्यता दिइने छैन ।

तर संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तहले व्यापारिक बाहेकको प्रयोजनका लागि प्रचलित संघीय कानून बमोजिम दर्ता भई संचालन भएका व्यापार व्यवसाय सम्बन्धी फर्म, कम्पनी वा संस्थालाई र प्रचलित कानून बमोजिम दर्ता भई संचालन भएका वाणिज्य सम्बन्धी बैक तथा वित्तीय वा बीमा वा विज्ञापन व्यवसायको लागि लागू हुने छैन ।

४. **उद्योग दर्ता सम्बन्धी प्रकृया :** (१) यो ऐन प्रारम्भ भएपछि मुनाफाको उद्देश्य लिई गाउँपालिका भित्र एक वा एक भन्दा बढी उद्देश्यको व्यापार व्यवसाय गर्न चाहने नीजि व्यक्ति वा साझेदारले गाउँपालिकाले तोकेको निकायबाट उद्योग दर्ता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम उद्योग दर्ता गर्न तोकिए बमोजिमको विवरण र कागजात सहित तोकिएको ढाँचामा गाउँपालिकाले तोकेको अधिकारी वा निकाय समक्ष दरखास्त दिनुपर्नेछ ।

(३) गाउँपालिकामा नीजि उद्योगको रुपमा दर्ता भै काम गरिरहेको उद्योगले साझेदार सँग सम्झौता गरी यस ऐन अन्तर्गत नीजि उद्योगलाई साझेदारी उद्योगमा रुपान्तरण गर्न चाहेमा पुन : दर्ता गराउनु पर्ने छैन ।

(४) साझेदार उद्योगका अन्य साझेदारले कुनै एक जना साझेदार मात्र उद्योग संचालन गर्न आपसमा सहमत भै सम्झौता गरी साझेदारी छाड्न मञ्जुर भई गाउँपालिकाले तोकेको अधिकारी वा निकाय समक्ष दरखास्त दिई त्यस्तो दरखास्तमा सनाखत गरेमा त्यस्तो साझेदारी उद्योग नीजि उद्योगमा रुपान्तरण हुनेछ ।

(५) उपदफा (३) र (४) बमोजिम उद्योगलाई साझेदारी उद्योगमा रुपान्तरण गर्न चाहेमा साझेदारले गाउँपालिकाले तोकेको अधिकारी वा निकाय समक्ष तोकिए बमोजिमको विवरण सहित तोकिएको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम गाउँपालिकाले तोकेको अधिकारी वा निकायमा प्राप्त भएको दरखास्त सहित साझेदार वा नीजि व्यक्तिले पेश गरेका कागजातका आधारमा साझेदारी वा नीजि उद्योग दर्ता गर्न प्रचलित कानूनले रोक नलगाएको भए गाउँपालिकाले तोकेको अधिकारी वा निकायले त्यस्तो उद्योगलाई साझेदारी वा नीजि उद्योगको रुपमा रुपान्तरण गरी अद्यावधिक गर्नुपर्नेछ ।

५. **उद्योग दर्ता गरी प्रमाणपत्र दिनुपर्ने :** (१) दफा ४ बमोजिम कसैको दरखास्त प्राप्त भएमा गाउँपालिकाले तोकेको अधिकारी वा निकायले जाँचवुझ गर्दा दरखास्तमा खुलाइएको विवरण साँचो देखिएमा दरखास्त प्राप्त भएको सात दिन भित्र अनुसूचि १ बमोजिमको दर्ता वा रुपान्तरण शुल्क लिई उद्योग दर्ता वा रुपान्तरण गरी तोकिए बमोजिमको ढाँचामा दरखास्तवालालाई व्यवसाय सुरु गर्नुपर्ने शर्त समेत उल्लेख गरी उद्योग दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त जाँचवुझ गर्दा थप विवरण वा कागजात आवश्यक देखिएमा गाउँपालिकाले तोकेको अधिकारी वा निकायले सम्बन्धित दरखास्तवालालाई त्यस्तो थप विवरण वा कागजात पेश गर्न कम्तिमा सात दिनको समयावधी तोकी आदेश दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिँदा अन्य कुराका अतिरिक्त देहायका विवरणहरु समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनुपर्नेछ :-

(क) उद्योगको अधिकृत पूँजी

(ख) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति,

(ग) उद्योग स्थापना गर्नुको उद्देश्य,

(घ) उद्योगले गर्ने कारोबारको उद्देश्य वा प्रकृति अनुसार तोकिए बमोजमका शर्तहरु ।

(४) उदपदफा (१) बमोजिम दर्ता भई प्रमाणपत्र प्राप्त गरेको उद्योगले गाउँपालिकाले तोकेको अधिकारी वा निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तहरुको पालना गर्नुपर्नेछ ।

६. **उद्योग दर्ता गर्न इन्कार गर्न सकिने :** (१) दफा ४ बमोजिम उद्योग दर्ता वा रुपान्तरणका लागि परेको दरखास्त जाँचबुझ गर्दा देहायको कुनै अवस्था देखिएमा गाउँपालिकाले तोकेको अधिकारी वा निकायले उद्योग दर्ता वा रुपान्तरण गर्न इन्कार गर्न सक्नेछ :-

(क) प्रस्तावित उद्योगको नाम यस अघि दर्ता भई कायम रहेको कुनै उद्योगको नामसँग मिल्ने देखिएमा,

(ख) प्रस्तावित उद्योगको नाम वा उद्देश्य प्रचलित कानून विपरित भएमा वा सार्वजनिक हित, नैतिकता, सदाचार, शिष्टचार आदि कुनै दृष्टीकोणले अनुपयुक्त वा अवाञ्छनीय देखिएमा वा त्यस्तो उद्योगको उद्देश्य फौजदारी कार्यलाई प्रोत्साहित गर्ने देखिएमा,

(ग) प्रस्तावित उद्योगको नाम यस ऐन बमोजिम दर्ता खारेजीमा परेको वा प्रचलित कानून बमोजिम दामासाहीमा परेको उद्योगको नामसँग मिल्ने वा दामासाहीमा परेको अवधि तीन वर्ष पूरा भई नसेको भएमा,

(घ) यस ऐन वा ऐन अर्न्तगतको नियमावली बमोजिम उद्योग दर्ता हुनको निमित्त तोकिएका अन्य आवश्यक शर्तहरु पूरा भएको नदेखिएमा ।

(२) उपदफा (१) मा उल्लेखित अवस्थाका कारण उद्योग दर्ता गर्न नसकिने भए नसक्नुको आधार र कारण खोली सम्बन्धित अधिकारीले दरखास्तवालालाई दरखास्त परेको सात दिन भित्रमा लिखित जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको लिखित जानकारी प्राप्त गर्ने दरखास्तवालालाई सो कुरामा चित्त नबुझे तीस दिन भित्रमा गाउँपालिकामा उजुरी दिन सक्नेछ र गाउँपालिकाले त्यस्तो उजुरी उपर छानविन गरी तीस दिन भित्र आवश्यक निर्णय गर्नेछ ।

७. **अनुमति लिनुपर्ने :** (१) दफा ५ बमोजिम उद्योगलाई प्रदान गरिएको प्रमाणपत्रमा उल्लेखित उद्देश्य भन्दा फरक प्रकृतिको व्यापार व्यवसाय गर्न वा व्यवसाय संचालन गर्न अनुमति लिनका लागि तोकिए बमोजिमको ढाँचामा गाउँपालिकाले तोकेको अधिकारी वा निकय समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिदा उद्योगले तोकिए बोजिमको विवरण र कागजात समेत पेश गर्नुपर्नेछ ।

(३) उद्योग सञ्चालन गर्ने उद्देश्यले दर्ता भै सञ्चालनमा रहेको उद्योगले वाणिज्य सम्बन्धी कारोबार गर्नुपर्ने भएमा त्यस्तो उद्योगले यस ऐन बमोजिम छुटै उद्योग दर्ता गर्नु पर्नेछ ।

(४) अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. **अनुमतिको प्रमाणपत्र दिनुपर्ने :** (१) दफा ७ बमोजिम कसैको दरखास्त प्राप्त भएमा गाउँपालिकाले तोकेको अधिकारी वा निकायले जाँचवुझ गर्दा दरखास्तमा खुलाईएको विवरण साँचो हो भन्ने देखिएमा तोकिए बमोजिमको शुल्क लिई दरखास्तवालालाई तीन वर्षका लागि तोकिएको ढाँचामा व्यवसाय शुरु गर्नुपर्ने अवधि समेत तोकी शर्त सहितको अनुमतिको प्रमाणपत्र दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त जाँचवुझ गर्दा थप विवरण वा कागजात आवश्यक देखिएमा अनुमतिको प्रमाणपत्र दिनु पूर्व गाउँपालिकाले तोकेको अधिकारी वा निकायले सम्बन्धित दरखास्तवालालाई त्यस्तो थप विवरण वा कागजात पेश गर्न लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम थप विवरण वा कागजात माग भएमा दरखास्तवालाले तोकेको अवधि भित्र त्यस्तो विवरण वा कागजात पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम अनुमतिको प्रमाणपत्र दिँदा अन्य कुराका अतिरिक्त देहायका विवरणहरु समेत त्यस्तो अनुमतिको प्रमाणपत्रमा खुलाउनु पर्नेछ :-

(क) फर्मको फरक अधिकृत पूँजी हुने भए त्यस्तो अधिकृत पूँजी,

(ख) अनुमतिको प्रमाणपत्र जारी भएको मिति,

(ग) अनुमति दिनुको उद्देश्य,

(घ) उद्योगले गर्ने कारोबारको उद्देश्य वा प्रकृति अनुसार तोकिए बमोजिमका शर्तहरु ।

(५) यस दफा बमोजिम दर्ता भई अनुमतिको प्रमाणपत्र प्राप्त गरेको उद्योगले गाउँपालिकाले तोकेको अधिकारी वा निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गर्नुपर्नेछ ।

९. **अनुमतिको प्रमाणपत्र दिन इन्कार गर्न सकिने :-** (१) दफा ७ बमोजिम अनुमतिका लागि परेको दरखास्त जाँचवुझ गर्दा देहायको कुनै अवस्था देखिएमा गाउँपालिकाले तोकेको अधिकारी वा निकायले अनुमतिको प्रमाण पत्र दिन इन्कार गर्न सक्नेछ :-

(क) दरखास्तवाला कालो सूचीमा परेको भएमा वा कालो सूचीबाट हटेको छ महिना अवधि व्यतित नभएमा,

(ख) प्रचलित कानून बमोजिम दफा ७ को उपदफा (१) मा उल्लिखित कुनै व्यापर व्यवसाय संचालन गर्न नमिल्ने वा नपाउने भएमा सो व्यवसायको हकमा,

(ग) यस ऐन र ऐन अन्तर्गतको नियमावली, कार्यविधि, निर्देशिका बमोजिम अनुमति प्रदानको निमित्त आवश्यक शर्तहरु पूरा नगरेको भएमा,

(२) उपदफा (१) मा उल्लेखित अवस्थाका कारण अनुमतिको प्रमाणपत्र दिन नसकिने भए नसक्नुको आधार र कारण खोली सम्बन्धित अधिकारीले दरखास्तवालालाई दरखास्त दिएको सात दिन भित्र लिखित जानकारी दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको लिखित जानकारी प्राप्त गर्ने दरखास्तवालालाई सो कुरामा चित्त नवुझेमा तीस दिन भित्र गाउँपालिकामा उजुरी दिन सक्नेछ र गाउँपालिकाले त्यस्तो उजुरी उपर छानविन गरी तीस दिन भित्र आवश्यक निर्णय गर्नेछ,

१०. **उद्योगले व्यवसाय प्रारम्भ गरेको जानकारी दिनुपर्ने :-** यस ऐन बमोजिम दर्ता भई अनुमतिको प्रमाणपत्र पाएको फर्मले प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्रमा आफ्नो व्यवसाय प्रारम्भ गर्नु पर्नेछ र व्यापार व्यवसाय प्रारम्भ गरेको पैंतीस दिन भित्रमा सोको जानकारी गाउँपालिकाले तोकेको अधिकारी वा निकाय र सम्बन्धित गाउँपालिकालाई समेत जानकारी दिनु पर्नेछ ।

११. **प्रतिलिपिको लागि दरखास्त दिनुपर्ने :-** (१) दफा ५ बमोजिम प्रदान गरिएको उद्योग दर्ताको प्रमाणपत्र हराएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा सो विवरण खुलाई उद्योगले तोकिएको कागजात सहित तोकिएको अवधि भित्र गाउँपालिकाले तोकेको अधिकारी वा निकाय समक्ष तोकिएको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले तोकेको अधिकारी वा निकाय समक्ष परेको दरखास्तको व्यहोरा मुनासिब देखेमा गाउँपालिकाले तोकेको अधिकारी वा निकायले तोकिएको दस्तुर लिई दरखास्तवालालाई उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

१२. **उद्योग अभिलेखीकरण सम्बन्धी व्यवस्था :-** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै संघीय कानून तथा प्रदेश कानून बमोजिम दर्ता भई संचालनमा रहेका उद्योगको अभिलेखिकरणका लागि यो ऐन प्रारम्भ भएको मितिले २ महिना भित्रमा गाउँपालिकाले सार्वजनिक तथा स्थानीय सञ्चार माध्यमबाट सूचना जारी गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भए पश्चात सूचना प्रकाशन भएको आर्थिक वर्षको असार मसान्त भित्रमा त्यस्ता उद्योगले तोकिएको कागजात संलग्न गरी गाउँपालिकाले तोकेको अधिकारी वा निकायमा गई उद्योगको अभिलेखिकरण गराउन तोकिएको ढाँचामा निवेदन दस्तुर सहित दरखास्त दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम उद्योग अभिलेखीकरणका लागि दरखास्त प्राप्त भएमा गाउँपालिकाले तोकेको अधिकारी वा निकायले तोकिए बमोजिमको अभिलेखिकरणको निस्सा दरखास्त वालालाई दिनुपर्नेछ ।

(४) यो ऐन प्रारम्भ भएपछि स्थापना हुने तथा उपदफा (१) बमोजिम तोकिएको अवधिमा गाउँपालिकाले तोकेको अधिकारी वा निकायमा अभिलेखिकरण नभएको उद्योगको नामबाट कुनै पनि व्यवसाय गर्न पाइने छैन ।

१३. **प्रमाणपत्रको अवधि र नवीकरण सम्बन्धी व्यवस्था :-** (१) ऐनको दफा ५ बमोजिम दर्ता वा दफा १२ बमोजिम अभिलेखिकरण भएका उद्योगको अवधि तीन वर्षको हुनेछ र उक्त अवधि सकिए पछि नवीकरण नगराई सोही उद्योगको नामबाट कुनै पनि व्यवसाय गर्न पाइने छैन ।

(२) उद्योग नविकरण गराउन चाहने उद्योगले उपदफा (१) बमोजिमको अवधि समाप्त भएको मितिले तीन महिना भित्र गाउँपालिकाले तोकेको अधिकारी वा निकायमा नवीकरणको लागि तोकिएको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(३) नवीकरण गराउन चाहने उद्योगले दरखास्त दिंदा देहायको कागजात संलग्न गर्नु पर्नेछ :-

(क) कर वुझाएको निस्सको प्रतिलिपि,

(ख) तोकिए बमोजिमका अन्य आवश्यक कागजात,

(४) उपदफा (२) बमोजिम दरखास्त प्राप्त भएमा गाउँपालिकाले तोकेको अधिकारी वा निकायले अनुसूची १ बमोजिमको नवीकरण दस्तुर लिई त्यस्तो उद्योग नवीकरण गर्नु पर्नेछ ।

(५) उद्योग नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **विवरण हेरफेर गर्न तथा स्थानान्तरणको लागि अनुमति लिनु पर्ने :-** (१) यस ऐन बमोजिमको उद्योग दर्ता गर्न वा अभिलेखिकरणका लागि गाउँपालिकाले तोकेको अधिकारी वा निकाय समक्ष दिएको विवरणमा कुनै हेरफेर गर्नु परेमा हेरफेर गर्नु पर्ने कारण सहितको विवरण खुलाई तोकिए बमोजिमका ढाँचामा दरखास्त दिनु पर्नेछ र गाउँपालिकाले तोकेको अधिकारी वा निकायबाट जाँचवुझ गरी अनुमति दिन मुनासिब देखिएमा तोकिए बमोजिम विवरण हेरफेर गरिदिनु पर्नेछ ।

(२) कुनै पनि उद्योगले गाउँपालिका भित्र एक वडाबाट अर्को वडामा स्थानान्तरण गर्न तोकिए बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ र गाउँपालिकाले तोकेको अधिकारी वा निकायले स्थानान्तरणका लागि अनुमति दिनेछ ।

(३) उपदफा (१) र (२) बमामेजिम उद्योगको विवरणमा गरिएको हेरफेरको जानकारी उद्योगको कार्यालय रहेको सम्बन्धित वडालाई समेत दिनुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम उद्योग स्थानान्तरण भएमा गाउँपालिकाले तोकेको अधिकारी वा निकायले उद्योग दर्ता रहेको र स्थानान्तरण भएको वडालाई जानकारी दिनुपर्नेछ ।

(५) उद्योगको सम्पर्क कार्यालय वा एकाई खोल्ने सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. **विवरण उपलब्ध गराउनुपर्ने :-** यस ऐन बमोजिम दर्ता तथा अभिलेखिकरण भएका उद्योगले आफ्नो व्यवसाय प्रारम्भ गरेपछि आफूले गरेको कारोबारको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम पेश गर्नुपर्नेछ ।

१६. **सूचना पाटी राख्नु पर्ने :-** उद्योग दर्ता भई कार्य संचालन प्रारम्भ गरेको एक महिना भित्र त्यस्तो उद्योगले उद्योगको नाम, ठेगाना, साझेदार उद्योग भए साझेदारहरुको नाम र ठेगाना, दर्ता नम्बर, मिति वस्तु सेवाको विवरण सहितको सूचना पाटी उद्योग सञ्चालन रहेको स्थानमा राख्नु पर्नेछ ।

परिच्छेद - ३
उद्योगको खारेजी र प्रतिवेदन सम्बन्धी व्यवस्था

१७. **नीजि उद्योगको खारेजी सम्बन्धी व्यवस्था :-** (१) देहायको अवस्थामा गाउँपालिकाले तोकेको अधिकारी वा निकायले नीजि उद्योग खारेज गर्न सक्नेछ :-

(क) उद्योगले तोकेको अवधिभित्र नवीकरण नगराएमा,

(ख) उद्योग धनीले मुनासिब कारण दर्शाई आफ्नो उद्योग खारेज गरि पाउँ भनी गाउँपालिकाले तोकेको अधिकारी वा निकायमा दरखास्त दिएमा,

(ग) कुनै कुरा ढाँटी उद्योग दर्ता गराएको ठहरेमा,

(घ) उद्योगले कार्य सञ्चालन गरी गाउँपालिकाले तोकेको अधिकारी वा निकायलाई जानकारी दिई वा नदिई व्यवसाय बन्द गरेमा वा दफा १० बमोजिम कारोबारको जानकारी नगराएमा,

(ङ) उद्योगले इजाजतपत्रमा उल्लिखित शर्तको पालना नगरेमा वा उद्योगले गरेको कारोबारको लिखित प्रगति विवरण गाउँपालिकले तोकेको अधिकारी वा निकायमा नदिएमा,

(च) दफा ७ बमोजिम अनुमतिको प्रमाणपत्र नलिई व्यापार व्यवसाय गरेमा,

(छ) दफा १५ मा तोकिएको अवधि भित्र विवरण उपलब्ध नगराएमा वा विवरण उपलब्ध गराएको भए पनि त्यस्तो विवरण झुठो ठहरिएमा,

(ज) उद्योगले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरित हुने गरी अन्य कुनै कार्य गरेमा,

(२) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ), (च), (छ) वा (ज) बमोजिम गाउँपालिकाले तोकेको अधिकारी वा निकायले उद्योग खारेज गर्नु अघि त्यस्तो उद्योगलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

(३) उपदफा (१) को खण्ड (ख) बाहेक अन्य खण्डहरुमा उल्लेख भए बमोजिम गाउँपालिकाले तोकेको अधिकारी वा निकायबाट उद्योग खारेज भएमा त्यसरी खारेज भएको उद्योगका धनीको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को उद्योग दर्ता गरिने छैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि खारेज भएका उद्योगले नेपाल सरकार, प्रदेश सरकार वा कचनकवल गाउँपालिकालाई बुझाउनु पर्ने कर, दस्तुर, शुल्क चुक्ता गरेको प्रमाण पेश नगरेमा एक वर्ष पछि पनि नयाँ उद्योग दर्ता गरिने छैन ।

(५) उद्योग खारेज गरि पाउँ भनी कुनै उद्योगले मुनासिब कारण दर्शाई गाउँपालिकाले तोकेको अधिकारी वा निकायमा दरखास्त दिएमा गाउँपालिकाले तोकेको अधिकारी वा निकायले त्यस्तो उद्योगलाई तोकिएको प्रमाण कागजात पेश गर्न लगाई उद्योगले तिर्न बुझाउन बाँकी रहेको यस ऐन तथा ऐन अन्तर्गत बन्ने नियमावली बमोजिम लाग्ने नवीकरण दस्तुर तथा जरिवाना समेत असूल गरी उद्योग खारेज गरी त्यस्तो खारेजीको व्यहोरा दर्ता अभिलेखमा जनाई दरखास्तवालालाई तोकिए बमोजिम निस्सा दिनु पर्नेछ ।

१८. **साझेदारी उद्योगको खारेजी सम्बन्धी व्यवस्था :-** (१) देहायको अवस्थामा यस ऐन बमोजिम दर्ता भएको साझेदारी उद्योगलाई गाउँपालिकाले तोकेको अधिकारी वा निकायले खारेज गर्न सक्नेछ :-

(क) उद्योगले तोकिएको अवधि भित्र नवीकरण नगराएर,

(ख) साझेदारहरुले मुनासिव कारण दर्शाई उद्योग खारेज गरी पाउँ भनी गाउँपालिकाले तोकेको अधिकारी वा निकायमा निवेदन दिएमा,

(ग) उद्योगले कार्य सञ्चालन गरी गाउँपालिकाले तोकेको अधिकारी वा निकायलाई जानकारी दिई वा नदिई व्यवसाय बन्द गरेमा वा दफा १० बमोजिमको जानकारी गाउँपालिकाले तोकेको अधिकारी वा निकायलाई नगराएमा,

(घ) उद्योगले इजाजतको शर्त अनुसार व्यवसाय संचालन नगरेमा वा गाउँपालिकाले गरेको कार्यको लिखित प्रगति विवरण गाउँपालिकाले तोकेको अकिारी वा निकायमा नदिएमा,

(ङ) दफा ७ बमोजिम अनुमतिको प्रमाणपत्र नलिई व्यापार व्यवसाय गरेमा,

(च) दफा १५ बमोजिमको विवरण पेश नगरेमा

(छ) उद्योगले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरीत हुने गरी अन्य कुनै काम गरेमा

(२) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिम गाउँपालिकाले तोकेको अधिकारी वा निकायले उद्योग खारेज गर्नुअघि सम्बन्धित उद्योगलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (ख) बाहेक अन्य खण्डहरुमा उल्लेख भए बमोजिम गाउँपालिकाले तोकेको अधिकारी वा निकायबाट उद्योग खारेज भएमा त्यसरी खारेज भएको उद्योगका साझेदारीहरुको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को उद्योग दर्ता गरिने छैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि खारेज भएका उद्योगले नेपाल सरकार, प्रदेश सरकार वा कचनकवल गाउँपालिकालाई वुझाउनु पर्ने कर, दस्तुर, शुल्क चुक्ता गरेको प्रमाण पेश नगरेमा एक वर्ष पछि पनि नयाँ उद्योग दर्ता गरिने छैन ।

(५) उद्योग खारेज गरी पाउँ भनी कुनै उद्योगले मुनासिब कारण दर्शाई गाउँपालिकाले तोकेको अधिकारी वा निकायमा दरखास्त दिएमा गाउँपालिकाले तोकेको अधिकारी वा निकायले त्यस्तो उद्योगलाई तोकिए बमोजिमको कागज प्रमाण पेश गर्न लगाई उद्योगले तिर्न वुझाउन बाँकी रहेको यस ऐन र ऐन अर्न्तगत बन्ने नियमावली, कार्यविधि बमोजिम लाग्ने नवीकरण दस्तुर तथा जरिवाना समेत असूल गरी उद्योग खारेज भएको व्यहोरा दर्ता अभिलेखमा जनाई तोकिए बमोजिम दरखास्तवालाई निस्सा दिनुपर्नेछ ।

१९. **प्रतिवेदन दिनुपर्ने :-** (१) गाउँपालिकाले तोकेको अधिकारी वा निकायमा दर्ता भएको अभिलेखीकरण भएको उद्योगको तोकिए बमोजिम विवरण गाउँपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(२) उदपदफा (१) बमोजिमको विवरणका आधारमा गाउँपालिकाले स्थापित उद्योगको अनुगमन तथा निरीक्षण गरी सम्बन्धित उद्योगलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

परिच्छेद - ४

साझेदारको आपसी सम्बन्ध सम्बन्धी व्यवस्था

२०. **सम्झौता गर्नुपर्ने :-** (१) साझेदारको हक र दायित्व कायम गर्न साझेदारले आपसमा लिखित रुपमा सम्झौता गर्नु पर्नेछ र त्यस्तो सम्झौता पत्र सम्बन्धित कचनकवल गाउँपालिकाबाट प्रमाणित गरेको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता गर्दा सम्झौतामा देहायका विषय उल्लेख गर्नुपर्नेछ :-

(क) साझेदारीमा हुने लगानीको अंक वा प्रतिशत,

(ख) साझेदारीबाट प्राप्त धन सम्पति,

(ग) प्राप्त धन सम्पत्ति अन्य काममा लाउन पाइने नपाइने, पाउने भए सोको हद,

(घ) पूँजी थपघटको विषय,

(ङ) दुई मात्र साझेदार भएको उद्योगमा आपसमा मत विभाजन भएमा के गर्ने भन्ने विषय,

(च) दुई भन्दा बढी साझेदार भएको उद्योगमा मत विभाजन हुदाँ मत बराबर वा मत बहुमत वा अल्पमत भए के गर्ने भन्ने विषय,

(छ) साझेदार सवै उद्योगसँग सम्वन्धित विषयमा प्रत्यक्ष संलग्न हुने वा कुनै एक वा एक भन्दा बढी व्यक्ति मात्र संलग्न हुने विषय,

(ज) यस ऐन र नियमावली, कार्यविधि बमोजिमका अन्य विषय ।

२१. **साझेदारीमा रहेको जायजेथा र त्यसको प्रयोग :-** साझेदारीको जायजेथा देहाय बमोजिम हुनेछ :-

(क) साझा व्यवसाय सुरु हुँदा त्यसको लागि जम्मा गरिएको सवै जायजेथा,

(ख) साझेदारीको लागि वा त्यसका निमित्त वा त्यसको प्रयोजनमा प्राप्त गरेको जायजेथा,

(ग) साझेदारीले व्यवसाय गरी कमाएको धन,

(घ) साझेदारीमा चलाएको व्यवसायबाट प्राप्त हुन आएको ख्याति ।

स्पष्टीकरण :- विषय वा प्रसङ्गबाट अन्यथा अर्थ नलागेमा साझेदारी उद्योगले लगानी गरी प्राप्त गरेको सबै सम्पत्ति र हक साझेदारी उद्योगको निमित्त प्राप्त गरेको मानिनेछ ।

२२. **सट्टामा साझेदार बनाउन नपाउने :-** साझेदार कसैले पनि अन्य साझेदारको मन्जुरी बेगर अरु कनै व्यक्तिलाई आफ्नो सट्टामा साझेदार बनाउन वा राख्न पाइने छैन ।

२३. **श्रेस्ता हेर्न र नक्कल लिन पाउने :-** साझेदारीको हिसाब किताब वा श्रेस्ता हेर्न चाहने साझेदारले त्यस्तो श्रेस्ता हेर्न जुनसुकै वखत पाउनेछन् र नक्कल लिन चाहेमा सो श्रेस्ता जिम्मा लिने साझेदारले सक्कल बमोजिम नक्कल ठिक छ भनि प्रमाणित गरी तत्काल नक्कल दिनुपर्नेछ ।

२४. **पारिश्रमि, व्याज तथा मुनाफा :-** (१) सम्झौताद्धारा निर्धारण भए बमोजिम हरेक साझेदारले साझा काम गरे बापतको पारिश्रमिक लिन पाउनेछन् र निजले सम्झौतामा तोकिए भन्दा बढी पूँजी लगाएको भए लिखित सम्झौता वा साझेदारहरुले गरेको निर्णय बमोजिमको व्याज पनि लिन सक्नेछ ।

(२) कुनै साझेदारले जानी जानी लापरवाही गरी हानी नोक्सानी गरेमा त्यसको विगो निजले निजको घर घरानाबाट उद्योगलाई तिर्नु वुझाउनु पर्नेछ ।

(३) साझेदारी उद्योगको कुनै व्यवसाय गरी वा साझेदारी उद्योगको धनमालको उपयोग गरी वा साझेदारी उद्योगको नाममा कुनै साझेदारले प्राप्त गरेको नाफा सोही उद्योगको स्वत : हुनेछ ।

(४) दफा (१), (२) र (३) बमोजिम कुनै साझेदारले नाफा प्राप्त गरी साझेदारी उद्योगलाई वुझाएको नाफा रकम त्यस्तो साझेदारी उद्योगको आर्थिक वर्षको नाफा नोक्सानको हिसाब श्रेस्तामा स्पष्ट खुल्ने गरी देखाउनु पर्नेछ ।

२५. **नाफा नोक्सानको बाँडफाँड :-** (१) साझेदारहरुमा नाफा नोक्सानको हिसाब गरी बाँडफाँड गर्दा सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र नभएकोमा बराबर भाग लगाउनु पर्नेछ ।

(२) कुनै साझेदारले साझेदारीमा संलग्न हुँदा लगाएको पूँजीमा ब्याज दिने लिने सम्झौता भएको भए सोको ब्याज साझेदारी उद्योगको मुनाफाबाट मात्र तिर्नु पर्नेछ ।

(३) कुनै साझेदारले आफ्नो भागको वुझाउनु पर्ने पूँजी उद्योगलाई तिरी वा बुझाई सकेको रहेनछ भने सो बुझाउन पर्ने बाँकी रकम चुक्ता नभएसम्म उपदफा (१) बमोजिम हिसाब गर्दा साझेदारले मुनाफा रकम प्राप्त गर्ने रहेछ भने पनि त्यस्तो मुनाफा रकम चुक्ता हुन बाँकी पूँजीमा कट्टा गरिनेछ ।

(४) नाफा नोक्सान बाँडफाँड सम्बन्धी अन्य विषय तोकिए बमोजिम हुनेछ ।

परिच्छेद - ५

उद्योग र साझेदार बाहेकका व्यक्तिको सम्बन्ध

२६. **साझेदारले काम गर्न हुने :-** (१) दफा २० मा उल्लेखित सम्झौताको अधिनमा रही प्रत्येक साझेदारले उद्योगको प्रतिनिधित्व गर्न सक्नेछ र उद्योगको व्यवसाय चलाउनलाई साझेदारले गरेको कामको जिम्मेवारी लिन फर्म बाध्य हुनेछ । कुनै साझेदारले उद्योगको काम कार्वाहीको सिलसिलामा जालसाज गरेको भनी अरु साझेदारको उजूर पर्न आए तोकिए बमोजिमकोम अधिकारीले यस्तो साझेदारलार्य उद्योगको प्रतिनिधित्व गर्नबाट बन्चित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै साझेदारलाई उद्योगको प्रतिनिधित्व गर्नबाट बन्चित गर्नुपूर्व त्यस्तो साझेदारलार्य आफ्नो सफाईको मौका दिनुपर्नेछ ।

२७. **साझेदारले गरेको कार्वाही पालना गर्न उद्योग बाध्य हुने :-** साझेदारले सम्झौता वा साझेदारहरुको निर्णयबाट साझेदारीको प्रतिनिधित्व गर्ने विषयमा बन्देज लगाउन सक्नेछ र सम्झौतामा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योगसँग कारोबार गर्ने साझेदार बाहेकका व्यक्तिलाई सो बन्देजको बारेमा थाहा रहेनछ भने त्यस्तो साझेदारले साझेदार साझेदार वाहेकका व्यक्तिसँग गरेको कार्वाही पालना गर्न उद्योग बाध्य हुनेछ ।

२८. **नयाँ साझेदार जवाफदेही नहुने :-** (१) नयाँ साझेदारले आफू साझेदार हुनुभन्दा अगाडि उद्योगको तर्फबाट भए गरेका साझेदारी कामको हकमा जवाफदेही हुने छैन तर सम्झौतामा जवाफदेही हने उल्लेख भए जवाफदेहिताको विषय सम्झौता बमोजिम हुनेछ ।

(२) साझेदारीबाट अलग हुने साझेदारलाई उद्योगबाट अलग हुनु अघिको काममा साझेदार बाहेकका व्यक्ति प्रतिको जवाफदेहीताबाट सो साझेदार बाहेकका व्यक्तिसँग गरिएको सम्झौताद्वारा र साझेदारी कायम रहेका बाँकी साझेदारहरुको मन्जुरीले मात्र अलग हुनपाउनेछ ।

(३) साझेदार बाहेकका व्यक्तिलाई कुनै साझेदार साझेदारीबाट अलग हुन चाहेको छ भन्ने थाहा पाएमा आफू अलग भइसकेपछि अरु साझेदारीले उद्योगको नामबाट भए गरेका काम प्रति अलग हुने साझेदार जवाफदेही हुने छैन ।

२९. **साझेदारले आफ्नो हक विक्री गर्ने :-** (१) कुनै साझेदारले उद्योगमा रहेको आफ्नो सबै हक अरु कसैलाई विक्री गरी वा बन्धक राखी वा कुनै प्रकारले हक छोडी दिएमा सो साझेदारले आफु साझेदार भएको अघिको साझेदारी व्यवसायबाट पाउने मुनाफा वा अन्य कुनै रकममा त्यस्तो साझेदारले दाबी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम साझेदारले दाबी गर्न सक्ने भएपनि निज फर्मको साझेदार मानिने छैन र कायम रहेका साझेदारको मन्जुरी बेगर हिसाब किताब जाँच्न पाउने छैन ।

परिच्छेद - ६
साझेदारीको बिघटन सम्बन्धी व्यवस्था

३०. **साझेदारी विघटन हुन वा गराउन सकिने :-** (१) सबै साझेदारका मन्जुरीले वा निजहरुका बीचमा भएको सम्झौता बमोजिम, सम्झौता नभएकोमा साझेदारहरुको निर्णय बमोजिम साझेदारी बिघटन हुन सक्नेछ ।

(२) साझेदारहरुमा जुनसुकै व्यहोराको सम्झौता भएको भए पनि दुई जना मात्र साझेदार भएको हकमा कुनै साझेदारले देहायका परिस्थितिमा साझेदारी बिघटन गराउन सक्नेछ : -

(क) कुनै साझेदार आफूले गरेको सम्झौता बमोजिमको साझेदारीको कार्यभार सम्हाल्न असमर्थ भएमा,

(ख) अर्को साझेदारले उद्योगलाई तिर्न बुझाउन पर्ने रकम नतिरेमा वा आफूले साझेदारीको हिस्सा अरु साझेदारको मन्जुरी बेगर कसैलाई हक छाडी दिएमा,

(ग) अर्को साझेदारको हक अदालतबाट भरी भराउनमा परेमा,

(घ) अर्को साझेदारले उद्योगको काम कार्वाहीमा जालसाज वा लापरवाही गरेमा ।

(३) दुई जना साझेदारहरुको विचमा अन्यथा मन्जुरी नभएको भए त्यस्तो साझेदारले सूचनामा लेखिएको मितिदेखि वा मिति नतोकिएको भए साझेदारले सूचना गरेको मितिदेखि साझेदारी बिघटन भएको मानिनेछ ।

(४) साझेदारका बीचमा सम्झौता भएको भएपनि उद्योगको ऋण भुक्तान नगरी साझेदारमा बण्डा गरिने छैन ।

३१. **हकवाला सम्बन्धी व्यवस्था :-** कुनै साझेदारको मृत्यू भएमा वा तीन महिना भन्दा बढी कैदको सजाय भएमा निजले मन्जुरी दिएको नजिकको हकवाला साझेदार हुनेछ ।

३२. **साझेदारी स्वतः विघटन हुने :-** (१) साझेदारहरुमा आपसमा भएका सम्झौताको अधीनमा रही कुनै साझेदारी सीमित समयको लागि स्थापना भएकोमा सो अवधि नाघेपछि वा कुनै एक वा एक भन्दा बढी कामको निमित्त स्थापना भएकोमा सो काम पूरा भएपछि साझेदारी स्वत : विघटन हुनेछ ।

(२) साझेदारी उद्योगले साहुको ऋण तिर्न नसक्ने भई दामासाहीमा परेमा साझेदारी स्वत : विघटन हुनेछ ।

(३) उपदफा (१) को अधिनमा रही हरेक साझेदारले आफू वा आफ्नो अधिकृत वारेसद्धारा साझेदारी विघटनमा भाग लिन सक्नेछ ।

३३. **साझेदार बाहेकका व्यक्ति प्रतिको दायित्व पूरा गर्नुपर्ने :-** साझेदारी विघटन भएको सूचना प्रकाशन नगरिएमा वा त्यस्ता विघटनको जानकारी उद्योगसँग सम्बन्धित साझेदार बाहेकका व्यक्तिलाई नभएमा साझेदारी विघटन भए पनि उद्योगको नाममा गरेको काम कार्वाहीबाट साझेदार बाहेकका व्यक्ति प्रतिको दायित्व सवै साझेदारले पूरा गर्नुपर्नेछ ।

तर दामासाहीमा परेका साझेदारको जायजेथाबाट निज दामासाहीमा परेका मिति पछिको काम कार्वाही बापत दायित्व तिर्नु वुझाउन पर्ने छैन ।

३४. **विघटन भएपछि पनि कायम रहने :-** उद्योगको विघटनको काम टुङ्ग्याउनलाई आवश्यक काम कार्वाही गर्न र विघटन हुनु पहिले शुरु गरेको अपुरो काम पूरा गर्नलाई साझेदारी

विघटन भैसकेपछि पनि उद्योगलाई बाध्य गर्न र साझेदारहरुको आपसको हक दायित्व निश्चित गर्ने अधिकार साविक बमोजिम कायम रहेको मानिनेछ ।

३५. **उद्योगको हिसाब किताबको फछ्र्यौट :-** साझेदारको बीचमा भएको सम्झौता र दफा ३० को उपदफा (१) को अधिनमा रही विघटन भएका उद्योगको हिसाब फछ्र्यौट सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३६. **लिक्विडेटर नियुक्ती गर्ने :-** उद्योगको हिसाब किताब फछ्र्यौट गर्न अनावश्यक ढिलो भएको भन्ने सबूद प्रमाण सहित कुनै साझेदारले उजूर गरेमा गाउँपालिकाले तोकेको अधिकारी वा निकायले उद्योग विघटन गर्ने कार्य गर्न एक जना लिक्विडेटर नियुक्त गर्न सक्नेछ र लिक्विडेटर वा लिक्विडेटरहरुले साझेदारीहरुले गरेको निर्ण वा सम्झौता र यो ऐन बमोजिम विघटनको कार्य र हिसाब किताबको फछ्र्यौट प्रचलित कानून र तोकिए बमोजिम हुनेछ ।

परिच्छेद - ७
कसूर र सजाय सम्बन्धी व्यवस्था

३७. **कसूर :** कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक देहायका कार्य गरेमा वा गराएमा वा सोको उद्योग गरेको प्रमाणित भएमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ :-

(क) उद्योग दर्ता नगराई उद्योग सञ्चालनमा ल्याएमा,

(ख) अभिलेखिकरण नगराई व्यवसाय सञ्चालन गरेमा,

(ग) उद्योग दर्ताको लागि दरखास्त दिँदा झुट्ठा विवरण दिएको पाइएमा,

(घ) दर्ता भएको उद्योगले अनुमति नलिई उद्योग दर्ता प्रमाणपत्रमा तोकिएभन्दा बाहेकको व्यवसाय गरेमा,

(ङ) उद्योगले तोकिएको म्याद भित्र सूचना नदिएमा वा झुट्ठा सूचना दिएमा,

(च) यो ऐन बमोजिम नवीकरण नगराई उद्योग वा कुनै पनि व्यक्तिले उद्योग सम्बन्धी व्यवसाय गरेमा,

(छ) स्वीकृत नलिई उद्योग अन्यत्र स्थानान्तरण गरेमा,

(ज) सूचनापाटी र प्रचलित कानून बमोजिम मूल्य सूची व्यवसाय स्थलमा नराखेमा र

(झ) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको विपरित अन्य कुनै कार्य गरेमा ।

३८. **सजाय :-** (१) दफा ३७ को खण्ड (क) अन्तर्गतको कसूर गर्ने नीजि उद्योग वा साझेदारी उद्योगका प्रत्येक साझेदारलाई पहिलो पटकका लागि गाउँपालिकाले तोकेको अधिकारी वा निकायले बिस हजार रुपैया जरिवाना गर्न सक्नेछ र सोही कसूर फेरी गरेमा तीन पटकसम्म पटकै पिच्छे शुरुमा हुने जरिवानामा पाँच हजार रुपैयाँ थप हुनेछ । चौथो पटक पनि त्यस्तो कार्य गरेमा निज संलग्न रहेको कुनै पनि उद्योग दर्ता गर्न रोक लगाइनेछ ।

(२) दफा ३७ को खण्ड (ख) अन्तर्गतको कसूर गरेमा गाउँपालिकाले तोकेको अधिकारी वा निकायका प्रमुखले तेस्तो उद्योग बन्द गरी चालिस हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ ।

(३) दफा ३७ को खण्ड (ग), (घ) र (ङ) अन्तर्गतको कसूर गर्ने निजि उद्योग वा साझेदारी उद्योगका प्रत्येक साझेदारलाई गाउँपालिकाले तोकेको अधिकारी वा निकायले बिस हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ ।

(४) दफा ३७ को खण्ड (च) अन्तर्गतको कसूर गर्ने नीजि उद्योग वा साझेदारी उद्योगका प्रत्येक साझेदारलाई गाउँपालिकाले तोकेको अधिकारी वा निकायले पन्ध्र हजार रुपैयाँ जरिवाना वा व्यवसाय गर्न नपाउने गरी कचनकवल गाउँपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी रोक लगाउन सक्नेछ ।

(५) दफा ३७ को खण्ड (छ), (ज) र (झ) अन्तर्गतको कसूर गर्ने निजि उद्योग वा साझेदारी उद्योगका प्रत्येक साझेदारलाई गाउँपालिकाले तोकेको अधिकारी वा निकायले पाँच हजार रुपैयाँ जरिवाना गरी कानून बमोजिम गर्न निर्देशन दिन सक्नेछ ।

(६) साझेदारले गरेको कुनै कसूरका सम्बन्धका प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम कार्वाही र सजाय गर्न यस दफाले कुनै बाधा पार्ने छैन ।

३९. **पुनरावेदन सम्बन्धी व्यवस्था:-** (१) यस ऐनको विभिन्न दफामा गरिएको पुनरावेदन सम्बन्धी व्यवस्था सोही दफा बमोजिम हुनेछ ।

तर कुनै दफामा सजाय उल्लेख नभएको तर सम्बन्धित अधिकारी वा निकायले गरेको कुनै निर्णय उपर चित्त नबुझाउने पक्षले निर्णयको जानकारी पाएको मितिले पैतिस दिन भित्र गाउँपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) पुनरावेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-८
विविध

४०. **वातावरणमा प्रतिकूल असरको निराकरण गर्नु पर्ने :-** उद्योग दर्ता गरेपछि व्यापार व्यवसाय संचालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्वन्धित उद्योगको हुनेछ । वातावरण परीक्षणबाट सो व्यापार व्यवसाय प्रचलित संघीय तथा प्रदेश , गाउँपालिका वातावरण कानून तथा मापदण्ड विपरित देखिएमा गाउँपालिकाले तोकेको अधिकारी वा निकायले दर्ता खारेज गर्न सक्नेछ ।

तर त्यसरी दर्ता खारेज गर्नु अघि त्यस्तो वातावरण कानून र मापदण्ड पालना गर्ने मुनासिव माफिकको समय दिनु पर्नेछ ।

४१. **व्यवसायीलाई सहुलियत :-** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि व्यापार व्यवसायको लागि स्थापना हुने उद्योगलाई दर्ता र नविकरण गर्दा लाग्ने दस्तुरमा तोकिए बमोजिमको रकम छुट दिइनेछ ।

४२. **विशेष व्यवस्था :-** (१) यस ऐनका विभिन्न दफामा जुनसुकै कुरा लेखिएको भए तापनि पाँच लाख रुपैयाँसम्मको अधिकृत पूँजी भएको र कचनकवल गाउँपालिकामा संचालन हुने कुनै उद्योग दर्ता गर्नु पर्दा त्यस्तो उद्योग यस ऐन बमोजिमको अधिकारी वा निकायले कार्यालयमा दर्ता गरी प्रमाण लिन सकिनेछ ।

(२) विशेष व्यवस्था सम्बन्धी अन्य प्रकृया तोकिए बमोजिम हुनेछ ।

४३. **विद्युतीय माध्यमको उपयोग :-** (१) उद्योग दर्ताको दरखास्त, दरखास्त सहित पेश गर्नुपर्ने कागजात तथा दफा १५ बमोजिम विवरण पेश गर्दा विद्युतीय माध्यमको प्रयोग गर्न सकिनेछ ।

(२) गाउँपालिकाले तोकेको अधिकारी वा निकायले स्वीकृती सम्वन्धी कागजातहरु प्रमाणिकरण गर्दा विद्युतीय हस्ताक्षरको प्रयोग गर्न सक्नेछ र त्यस्ता कागजातहरु विद्युतीय माध्यमबाट समेत आदन प्रदान गर्न सक्नेछ ।

तर यो व्यवस्था गाउँपालिकाले सूचना प्रकाशन गरेको मितिबाट लागू हुनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योग दर्ताको प्रमाणपत्र लिदाँका वखत विद्युतीय माध्यमबाट पेश गरिएका कागजातको सक्कल प्रति गाउँपालिकाले तोकेको अधिकारी वा निकायले आदेश दिएमा दरखास्तवालाले पेश गर्नुपर्नेछ ।

४४. **असल नियतले काम गरेकोमा बचाउ :-** यस ऐनले दिएको अधिकारको प्रयोग असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायि हुनेछैन ।

तर असल नियतले कार्य गरेको हो भन्ने प्रमाण पुऱ्याउने भार सम्बन्धित व्यक्तिमा रहनेछ ।

४५. **अनुगमन तथा मूल्याङ्कन :-** गाउँपालिकाले तोकेको अधिकारी वा निकायले समय समयमा यस ऐन बमोजिम स्थापना भएका उद्योगले पालना गर्नुपर्ने मापदण्ड तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तको पालना गरे नगरेको सम्बन्धमा नियमित अनुगमन तथा मूल्याङ्कन गर्न, अनुगमनका क्रममा कुनै जानकारी वा विवरण माग गरी वा नगरी कानून बमोजिम आवश्यक निर्देशन दिन सक्नेछ ।

४६. **अधिकार प्रत्योजन :-** गाउँपालिकाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केहि अधिकार आफू मातहतको कुनै अधिकारी वा निकायले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

४७. **बाधा अड्काउ फुकाउने अधिकार :-** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

४८. **नियम बनाउने अधिकार :-** यस ऐनका विभिन्न परिच्छेदमा उल्लेखित उद्देश्य पूर्ति गर्नका लागि गाउँपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

४९. **कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्ने :-** यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

५०. **यसै ऐन बमोजिम हुने :-** यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा उल्लेखित विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

५१. **अनुसूची संशोधन वा थपघट :-** यस ऐन बमोजिमका अनुसूची आवश्यकता अनुसार समय समयमा गाउँपालिकाले निर्णय गरी संशोधन वा थपघट गर्न सक्नेछ ।

५२.**बचाउ :-** यो ऐन प्रारम्भ हुनुभन्दा अघि प्राईभेट उद्योग र साझेदारी उद्योग दर्ता भएका उद्योग र तत् सम्बन्धी काम कार्वाहीहरु यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ ।

अनुसूची - १

(दफा ५ को उपदफा (१) र दफा १३ को उपदफा (३) सँग सम्वन्धित)

उद्योग दर्ता र नविकरण दस्तुर (नीजि उद्योग)

सि.नं.	कूल पूँजी लगानी	रजिष्ट्रेशन	नविकरण
१	एक लाख रुपैयाँसम्म	५००।-	३००।-
२	एक लाख एक रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म	१०००।-	५००।-
३	तीन लाख एक रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म	१५००।-	७००।-

४	पाँच लाख एक रुपैयाँदेखि दश लाख रुपैयाँसम्म	२०००।-	१०००।-
५	दश लाख एक रुपैयाँदेखि विस लाख रुपैयाँसम्म	३०००।-	१५००।-

उद्योग दर्ता र नविकरण दस्तुर (साझेदारी उद्योग)

सि.नं.	कूल पूँजी लगानी	रजिष्ट्रेशन	नविकरण
१	एक लाख रुपैयाँसम्म	५००।-	१००।-
२	एक लाख एक रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म	८००।-	१२५।-
३	तीन लाख एक रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म	१०००।-	१५०।-
४	पाँच लाख एक रुपैयाँदेखि दश लाख रुपैयाँसम्म	१५००।-	२००।-
५	दश लाख एक रुपैयाँदेखि विस लाख रुपैयाँसम्म	२०००।-	२५०।-

आज्ञाले,
कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय राजपत्र